पाना नं. १

# मिति २०८२ साल असोज ३१ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ३९ औ वैठकका निर्णयहरु।

प्रस्तावहरु:

१ 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्वन्धमा।

२ एम्बुलेन्स अनुमति सम्वन्धमा ।

३ विविध सम्वन्धमा

क. "घरबहाल कर व्यवस्थापन कार्यविधि' २०८२" सम्वन्धमा ।

ख. मेला महोत्सव संचालन अनुमति सम्वन्धमा।

ग. प्राइभेट जग्गाबाट ढुंगा, बालुवा, गिट्टी संकलन/उत्खननको प्रारम्भिक बातावरणीय परिक्षणको कार्यसूचि सम्वन्धमा।

## निर्णयहरु

### निर्णय नं.१

तुलसीपुर उममहानगरपालिका वडा नं १० स्थित श्री कुल बहादुर बलीको प्रतिरोध इन्फ्रा एण्ड सप्लाएर्स प्रा. लि. र तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ स्थित श्री रमेश कुमार मल्लको थ्रि.जी. कन्सल्टेन्सी एण्ड मल्टी प्रपोज प्रा.लि. लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतको वडा नं. १४ ड्वाङपुर नगर स्वास्थ्य केन्द्र ( आधारभूत स्वास्थ्य सेवा केन्द्र) को व्यवस्थापन समितिको मिति २०८२।४।१९ को निर्णय र १४ नं. बडा कार्यालयको चं. नं. ६४३, मिति २०८२।६।७ को सिफारिस वमोजिम ड्वाङपुर नगर स्वास्थ्य केन्द्रवाट एम्वुलेन्स सेवा संचालन गर्नेगरी स्वीकृत 'ख' वर्गको एम्वुलेन्स खरिद गर्नका लागि लुम्विनी प्रदेश सरकारवाट यस पालिकालाइ आ. व. ०८२।०८३ को प्रदेश अनुदान तर्फ रू. २०,००००० (वीस लाख) तथा यस पालिकाको अन्तरिक श्रोतवाट रू ५,००००० ( पाँच लाख) बजेट विनियोजन भएको साथै उक्त स्वास्थ्य केन्द्रमा आवश्यक स्वास्थयकर्मी समेत व्यवस्थापन भएकोले उक्त श्रोतवाट खरिद गर्न अनुमति प्रदान गर्न यस कार्यालयको मिति २०८२।०६।९ गतेको निर्यायलाई अनुमोदन गर्ने तथा सो एम्वुलेन्स खरिद कार्यमा कर छुट गर्नका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

विविध सम्वन्धमा

क. "तुलसीपुर उपमहानगरपालिकाको घरबहाल कर व्यवस्थापन कार्यविधि, २०८२" मा थप अध्ययन गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

टिकाराम खड्का
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पाना नं - २

मिति २०८२ साल असोज ३१ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ३९ औ वैठकका निर्णयहरु।

ख. मेला महोत्सव संचालन अनुमति सम्वन्धमा नेपाल घरेलु तथा साना उद्योग महासंघ तुलसीपुर शाखा दाङले मिति २०८२ मंसिर ११ गतेदेखि २८ गतेसम्म सञ्चालन हुने प्रथम तुलसीपुर घरेलु तथा साना औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि व्यापारिक तथा प्रविधि प्रदर्शनी महोत्सव सञ्चालनको अनुमतिका लागि सिफारिस गर्ने निर्णय गरियो।

ग. प्राइभेट जग्गाबाट ढुंगा, बालुवा, गिट्टी संकलन/उत्खननको प्रारम्भिक बातावरणीय परिक्षणको पेश भएका तपसिल वमोजिमका कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

क) तु.उ.म.न.पा वडा नं १२ मान वहादुर खड्काको नाममा दर्ता रहेको साविक टरिगाउँ ३/क कि.नं ५९६ को निजी जग्गा।

ख) तु.उ.म.न.पा वडा नं ३ लोकेन्द्र रोकाको नाममा दर्ता रहेको साविक लाहुरेचौर ६/घ कि.नं ५४ को निजी जग्गा।

ग) तु.उ.म.न.पा वडा नं ३ तिलक वहादुर महताराको नाममा दर्ता रहेको साविक लाहुरेचौर ६/घ कि.नं ५३ को निजी जग्गा।

केशव
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख